# भाग ५

नेपाल सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

### इन्जिनियरिङ्ग व्यवसाय सम्बन्धी कसूरको अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने कार्यविधि, २०६५

नेपाल सरकारले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा ३० बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने, मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि देहाय बमोजिम तोकेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :१) यस कार्यविधिको नाम “ इन्जिनियरिङ्ग व्यवसाय सम्बन्धी कसूरको अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने कार्यविधि, २०६५” रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) “नियमावली ” भन्नाले ऐन अर्न्तगत बनेको नियमावली सम्झनु पर्छ ।

(ग) “कसूर” भन्नाले ऐनको दफा ३० बमोजिमको कसूर सम्झनु पर्छ ।

(घ) “परिषद्” भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल इन्जिनियरिङ्ग परिषद् सम्झनु पर्छ ।

(ङ) “रजिष्ट्रार ” भन्नाले परिषद्को रजिष्ट्रार सम्झनु पर्छ ।

(च) “अनुसन्धान तहकिकात अधिकारी” भन्नाले दफा ३ बमोजिम कसूरको अनुसन्धान तहकिकात गर्न तोकिएको अधिकारी सम्झनु पर्छ ।

(छ) “मुद्दा चलाउने अधिकारी ” भन्नाले दफा ५ बमोजिम मुद्दा चलाउने अधिकारी सम्झनु पर्छ ।

३. अनुसन्धान तहकिकात अधिकारी तोक्ने :(१) कसुरको अनुसन्धान तहकिकात गर्नको लागि परिषद्ले सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेको अनुभवी दर्तावाला इन्जिनियरलाई अनुसन्धान तहकिकात अधिकारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान तहकिकात अधिकारी तोक्दा उपलब्ध भएसम्म परिषद्मा कार्यरत दर्तावाल इन्जिनियरलाई तोक्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम परिषद्मा कार्यरत दर्तावाल इन्जिनियर उपलब्ध नभएमा परिषद्ले कुनै पनि दर्तावाल इन्जिनियरलाई अनुसन्धान तहकिकात अधिकारी तोक्न सक्नेछ ।

(४) परिषद्मा कार्यरत दर्तावाल इन्जिनियर बाहेक अन्य दर्तावाल इन्जिनियरलाई अनुसन्धान तहकिकात अधिकारी तोक्दा निज कार्यरत कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४. <u>कसूरको अनुसन्धान तहकिकात</u>: १) कुनै कसूर भए गरेको वा हुन लागेको कुरा कुनै स्रोतबाट जानकारी हुन आएमा अनुसन्धान तहकिकात अधिकारीले सो सम्बन्धित कसुरको अनुसन्धान र तहकिकात गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कसूरको अनुसन्धान तहकिकात गर्दा वा सबुद प्रमाण संकलन गर्दा कसूरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, कसूरको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिने, कसूरसंग सम्बन्धित कागजात वा अन्य माल वस्तु आफ्नो जिम्मामा लिने, वयान र सोधपुछ गर्ने तथा मुचुल्का तयार गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम प्रहरीले पाए सरहको सबै अधिकार अनुसन्धान तहकिकात अधिकारीलाई प्राप्त हुनेछ ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान तहकिकात अधिकारीले अभियुक्तलाई वयान गराई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने सम्मको पर्याप्त आधार भएमा तारेखमा राख्न वा अदालतको अनुमतिले धरौट वा जमानत लिई छाड्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम धरौट वा जमानत दिनु पर्ने अभियुक्तले धरौट वा जमानत दिन नसकेमा निजलाई अदालतको अनुमतिले प्रचलित कानून बमोनिम थुनामा राख्न सकिनेछ ।

(५) यस कार्यविधि बमोजिम अनुसन्धान तहकिकात गर्दा आवश्यक सम्झेमा अनुसन्धान तहकिकात अधिकारीले कसूरसंग सम्बन्धित कुनै कसूरको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ ।

५. <u>मुद्दा चलाउने अधिकारी</u> :(१) यस कार्यविधि बमोजिम अनुसन्धान तहकिकात गरिएको कसूरको मुद्दा परिषद् आफैले परिषद् वादी भै दायर गर्नेछ ।

(२) परिषद्ले उपदफा (१) बमोजिमको मुद्दा दायर गर्ने अधिकार रजिष्ट्रार वा अनुसन्धान तहकिकात अधिकारी वा अन्य कुनै दर्तावाल इन्जिनियरलाई प्रत्यायोजन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **राय सहितको प्रतिवेदन पठाउनु पर्ने :** १) यस कार्यविधि बमोजिम अनुसन्धान तहकिकात पूरा भएपछि अनुसन्धान तहकिकात अधिकारीले कसूर भएको नदेखिएकोमा सोही व्यहोरा खुलाई र कसूर भएको र अभियुक्त उपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णय गर्नका लागि अभियोगपत्र तयार गरी अदालतमा मुद्दा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मिसिल कागजको सक्कल र नक्कल प्रति, दसी प्रमाण सहित परिषद् समक्ष पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राय सहितको मिसिल प्राप्त भएपछि परिषद्ले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा परिषद्ले थप सबुद प्रमाण संकलन गर्न वा कुनै व्यक्तिसंग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो थप सबुद प्रमाण संकलन गरी पठाउन वा त्यस्तो व्यक्तिसंग सोधपुछ गरी पठाउन अनुसन्धान तहकिकात अधिकारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु निजको कर्तब्य हुनेछ ।

७. **अभियोगपत्र दायर गर्नेः**(१) दफा ६ को उपदफा (२) बमोजिम मुद्दा चल्ने देखिएमा देहायका कुराहरु उल्लेख गरी अनुसूची बमोजिमको ढाँचामा अभियोगपत्र तयार गरी दसी प्रमाण तथा अपराधसँग सम्बन्धित मालवस्तु र थुनुवा भए थुनुवा सहित म्याद भित्रै मुद्दा चलाउने अधिकारीले सम्बन्धित जिल्ला अदालतमा दायर गर्नु पर्नेछः-

(क) अभियुक्तको पूरा नाम, थर, वतन,

(ख) कसूर सम्बन्धी सूचनाको व्यहोरा,

(ग) कसूर सम्बन्धी विवरण,

(घ) अभियुक्त उपर लगाईएको अभियोग र तत्सम्बन्धी प्रमाणहरु,

(ङ) सम्बन्धित कानून,

(च) अभियुक्तलाई हुनु पर्ने सजाय ।

(२) उपदफा (१) बमोजिम मुद्दा चलाउने अधिकारीले अभियोगपत्र दायर गर्दा कसूरको सम्बन्धमा नेपाल सरकारको वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानूनद्वारा तोकिएको कुनै अधिकृतको स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखत अनुसन्धान तहकिकातको मिसिल तथा अनुसन्धान तहकिकातको सिलसिलामा फेला परेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमाणहरु समेत साथै पेश गर्नु पर्नेछ र अभियुक्त पकाउ परेको भए निजलाई पनि अदालतमा उपस्थित गराउनु पर्नेछ ।

८. **सुरक्षित राख्ने** : यस कार्यविधि बमोजिम मुद्दा नचल्ने निर्णय भएकोमा परिषद्ले मिसिल लगायतका दसी प्रमाण वा मालवस्तु पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

९. **कसूरको सम्बन्धमा सूचना दिने व्यक्तिलाई जानकारी दिनु पर्ने** : कुनै कसूरको सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएपछि परिषद्ले त्यस कसूरको सम्बन्धमा कसैले सूचना दिएको भए सो व्यक्तिलाई समेत मुद्दा नचल्ने भएको व्यहोरा जानकारी दिनु पर्नेछ ।

१०. **सहयोग गर्नु पर्ने** :- यस कार्यविधि बमोजिम अनुसन्धान तहकिकात वा मुद्दा चलाउने सिलसिलामा अनुसन्धान तहकिकात अधिकारी र मुद्दा चलाउने अधिकारीले स्थानीय प्रशासन, प्रहरी तथा अन्य अधिकारी वा निकायको सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

११. **अधिकार प्रत्यायोजन** : परिषद्ले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार रजिष्ट्रारलाई प्रत्यायोजन गर्न सक्न छ ।

१२. **अनुसूचीमा हेरफेर** : भौतिक योजना तथा निर्माण मन्त्रालयले अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची

(दफा ७ संग सम्बन्धित)

**अभियोगपत्रको ढाँचा**

श्री .......जिल्ला अदालतमा इन्जिनियरिङ व्यवसाय सम्बन्धी कसूरको अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने कार्यविधि, २०६५ अन्तर्गत दायर गरेको

## अभियोगपत्र

२०...............सालको नम्बर

.....................................को जाहेरीले नेपाल इन्जिनियरिङ परिषद् ................. वादी

विरुद्ध :

....................................................................... प्रतिवादी

१.

२.

मुद्दा :

**मुद्दाको व्यहोरा**

१

२

३

**अभियोग**

**सवुद प्रमाण**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दसी प्रमाण तथा कसूरसंग सम्बन्धित मालवस्तु :

गवाह :

देख्ने :

(क)

(ख)

(ग)

घ)

सुन्ने :

(क)

(ख)

(ग)

पेश भएका कागजातहरु :

(क)

(ख)

(ग)

कार्यालयको छाप

अभियोग पत्र दायर गर्ने अधिकारीको,-

दस्तखत :

नाम :

कार्यालय :

मिति :

द्रष्टव्य :

१. अभियोगको बुदा लेख्दा दफा ७ बमोजिम खुलाउनु पर्ने कुरा समेत खुलाई लेख्नु पर्नेछ ।

२. अनुसन्धान तहकिकातबाट अभियुक्त देखिएका सबैको नाम, थर, बतन प्रतिवादी खण्डमा सिलसिला नम्बर मिलाई लेख्नु पर्नेछ ।

३. सवुद प्रमाण कागजको हकमा जो भएको माथिको ढाँचामा मिलाई लेख्नु पर्नेछ ।

आज्ञाले,

पूर्ण कडरिया

नेपाल सरकारको सचिव

५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार